# शिक्षा लेख संगालो

(आम संचार माध्यमहरुको प्रयोजनका लागि मात्र)

वर्ष १ अंक १ २०५८ मंसिर (December, 2001)

## यस अंकमा

१) विद्यालय शिक्षामा सरकारको फौबञ्जारी

२) दलित शिक्षाको आध्यारो तस्वीर

३) नक्कली प्रमाणपत्र छानवीनका चुनौति

४) सेवक सदाहरुको दुर्भाग्य

५) अनौपचारिक शिक्षा : पानीमा लेख लेख्ने अभ्यास

शिक्षा क्षेत्रमा केही समय यता विचार र समाचारको प्रवाह तीव्र रुपमा भइरहेको छ। संचार माध्यमहरु शिक्षा क्षेत्रलाई अरु क्षेत्र भन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन्। यो अवस्थामा पनि स्तरीय फिचर लेखहरुको अभाव खट्किएकै छ। शिक्षा पत्रकार समूहले यही अभावलाई महसुस गरेर स्तरीयताको दावी गर्न नसके पनि पत्रपत्रिका र अन्य संचार माध्यमलाई निरन्तर रुपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरुको संगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न संचार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रुपमा सक्रिय पत्रकारहरु मार्फत सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनु भयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस संगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झांगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ।

**सम्पादन : हरि थापा**

*पत्राचारका लागि हाम्रो ठेगाना*

**शिक्षा पत्रकार समूह**

पो.व.नं. २१८४३, फोन/फ्याक्स २५७६५५

अनामनगर, काठमाडौं।

इमेल : ejg@ntc.net.np

# विद्यालय शिक्षामा सरकारको फौबन्जारी

**हरि थापा**

आधुनिक शिक्षा विकासको पाँच दशकमा राज्यले संख्यात्मक उपलब्धिको सहारा लिदै आएको छ । संख्यात्मक विकासका तथ्यांकमा मख्ख पर्न थालेपछि शैक्षिक क्षेत्रका अस्पष्टता, बेइमानी र अव्यवहारिकता केलाउने फुर्सद सरकारलाई भएन ।

विद्यालय शिक्षामा सुधारको नाममा आएका दातृ निकायले शिक्षा मन्त्रालयमा 'ट्राफिक जाम' गरेपछि मन्त्रालयको सम्पूर्ण नेटवर्क अकर्मण्य बन्न गएको छ । सरकारको शिक्षा अभियान निर्धारित उद्देश्य र लक्ष्यमा आधारित भन्दा पनि फौबन्जारको तुलोजस्तो तलमाथि हुँदोछ ।

ऐन नियमकै कुरा गरौं यो अवधिमा सरकारले विद्यालय शिक्षामा थुप्रै प्रयोगहरु गरिसकेको छ । वर्तमान सरकार भनौं वा विगतका, बहुदलीय व्यवस्थाका संचालक अथवा पूर्व व्यवस्थाका सबैको चासो शिक्षामा अल्पकालीन र अव्यवहारिक योजनाको कार्यान्वयन गरेर झारा टार्ने मात्रै रहँदै आयो ।

सरकारले सबैका लागि शिक्षा सन् २००० को एकदशक लामो अभ्यास गरिसकेको छ र परिणाम उपलब्धिहीन । पुनः सबैका लागि शिक्षा सन् २०१५ को महाअभियानमा होमिए पनि यसलाई तीव्रता दिन सक्रिय भइसक्नुपर्ने निकायहरु गतिशिल हुनसकिरहेका छैनन ।

मन्त्रालयका नेटवर्कहरु नीतिगत झमेलामा फसिरहेका छन् । निरन्तरको कर्मचारी फेरबदल र कोटा निर्धारणका आधारमा योजनाको बाँडफाँडले आवश्यकतामा आधारित शैक्षिक विकास प्रक्रिया अवरुद्ध भएको छ । लक्ष्यहरु प्रत्येक वर्ष टाढिँदै गएका छन् ।

विगतमा शैक्षिक उपलब्धिका लागि भएका प्रयासहरु स्वतःस्फूर्त थिए भन्ने उदाहरण यत्रतत्र पाइन्छन् । धनुषाको बरमझियास्थित गाउँमा करीब ५ दशक अघि स्थापना भएको श्री निम्न माध्यमिक विद्यालयको यथार्थले यसलाई पुष्टि गर्छ । ६ सय ४६ विद्यार्थीको नाम लेखिएको सो विद्यालयमा झण्डै १ तिहाई मात्र छात्रा छन् । विविध प्रयासका वावजुद पनि हाल यहाँ भर्ना भएका मध्ये ४० प्रतिशत विद्यार्थी पनि मुस्किलले उपस्थित हुन्छन् ।

सम्पूर्ण विद्यार्थी संख्याको ८ प्रतिशतले मात्र प्राथमिक शिक्षा पूरा गर्ने गरेको तीतो यथार्थ विद्यालयले पस्कन्छ । अझ गहिरो चोट त्यसबेला लाग्छ, जब विद्यालयले ७ सय ४५ जना विद्यालय आउन चाहने बालबालिकालाई शिक्षक दरबन्दी र ठाउँको कारण देखाएर ढोका बन्द गरिदिएको थाह हुन्छ । शैक्षिक नीति र अन्य अप्ठ्याराहरुले बाध्य भएर यसो गर्नुपरेको कुरा प्रधानाध्यापक भगतलाल दासले बताउनुभयो ।

प्राथमिक विद्यालयमा दिउँसो खाजा खुवाउने कार्यक्रमले गरीब परिवारका र कुपोषणको सिकार बालबालिकालाई विद्यालयतर्फ आकर्षित त गरेको छ तर विद्यालयले तिनीहरुलाई राम्रो शैक्षिक वातावरण दिने अवस्था सिर्जना गर्न सकेको छैन । यही अवस्थाको सामना श्री निम्न माध्यमिक विद्यालयले पनि गर्नुपरेको हो । खाजाको व्यवस्थाले नै छात्रछात्रालाई विद्यालय आउने प्रेरित गरेको कुरा प्रधानाध्यापक दासले पुष्टि गर्नुभयो ।

हुनत, कोशी पथलैया क्षेत्रका झण्डै ७५ प्रतिशत विद्यालयले पौष्टिक आहारा कार्यक्रमलाई असफल गराएका छन् । धनुषाको एउटा विद्यालयका प्रधानाध्यापकले यो कार्यक्रम अत्यावश्यक र प्रभावकारी भए पनि आर्थिक कारोवार नहुने भएकाले कोही पनि यसमा उत्साहित नभएको बताए ।

निरीक्षणको बलियो संयन्त्र नभएका कारण पौष्टिक आहारा परियोजना र जिल्ला शिक्षा कार्यालयले यसतर्फ आवश्यक ध्यान दिएका छैनन । सरकारी नीतिकै कारण पहिले प्राथमिक भए पनि त्यही विद्यालय निमावि भएपछि यो सुविधा दिन स्वतः बन्द गरिन्छ ।

शिक्षक दरबन्दी शैक्षिक क्षेत्रको अर्को विकृति रहेको छ । एकातिर ग्रामीण क्षेत्रका धेरै विद्यालयहरु शिक्षक विहीन अवस्थामा छन्, अर्कातिर शहरी क्षेत्रमा शिक्षकहरु अटाइनअटाई रहेका छन् । जनकपुरको एउटा विद्यालयमा ४ सय

प्राथमिक तहका विद्यार्थी हुँदा त्यहाँ १८ जना शिक्षकको भीड थियो । तर, त्यहींकै गाउँको एउटा विद्यालयमा ५ सय २३ जना विद्यार्थीले नाम लेखाए पनि शिक्षक ५ जना मात्र थिए ।

शैक्षिक सत्र शिक्षा मन्त्रालयले नै तोक्ने निर्णयले कस्लाई फाइदा गरेको छ त्यो अझै स्पष्ट हुन सकेको छैन । यसले विद्यार्थी पढ्ने दिन घटाएको हिमाली क्षेत्रका शिक्षकहरु बताउँछन् । यो निर्णयबाट पहाडका विद्यालयहरुले पनि फाइदा लिएका छैनन । यस्तै अवस्था तराईको छ । त्यहाँ हुने शीत लहरी र कठ्याँग्रींदो जाडोको हेक्का शिक्षा मन्त्रालयका पदाधिकारीहरुलाई किन नभएको, सबैपक्ष अहिले यही प्रश्न गर्दैछन् ।

सरकारले अझै पनि आवश्यकतामा आधारित शिक्षा उपलब्ध गराउन सकिरहेको छैन । सरकारले दीर्घकालीन शिक्षा योजना तोक्न नसक्दा प्रयोगमाथि प्रयोग भइरहेका छन् । नयाँ आउने सबै शिक्षा मन्त्री र प्रशासकले उपलब्धिको लेखाजोखा नै नगरी शुन्यबाट शुरु गर्दा उनीहरुको कार्यकालमा शैक्षिक उन्नतिका लागि कुनै ईंटा थपिंदैन ।

धनुषा जिल्लाको उदाहरण यहाँ सान्दर्भिक हुनआउँछ । भर्खरै डेनमार्कबाट उच्चशिक्षाबाट दीक्षित भएर फर्केका जिल्ला शिक्षा अधिकारी मोहनप्रसाद उपाध्यायमा केही गर्ने उत्साह छ । उपाध्यायले आफ्नो मातहतका सहयोगीहरुलाई प्रशिक्षित गर्ने र नयाँ योजना बनाएर शुन्यबाट कामथाल्ने लामो प्रक्रिया थालेका छन् ।

त्यहाँ कार्यरत एउटा गैरसरकारी संस्थाले जिल्लाका झण्डै ५० प्रतिशत विद्यालयको सुधारमा आफूलाई होमिसकेको छ र कसरी राम्रो गर्नसकिन्छ भन्ने स्पष्ट खाका तयार गरेको छ । ती ठाउँका गाविस पदाधिकारी, समुदाय र शिक्षकहरुले एउटै उद्देश्य लिएका छन्  सबैका लागि शिक्षा । यस अर्थमा उपाध्याय भाग्यमानी हुनुहुन्छ । त्यहाँ भएका कामकारवाहीको मूल्यांकन गरेर राम्रा पक्षलाई निरन्तरता दिन र बाँकी विद्यालयहरुको सुधारका लागि त्यही ढंगको सक्रियता थाल्न सकिन्छ ।

२०२८ सालपछि सरकार एक्लैले शिक्षाको ठेक्का लिएको भ्रमबाट अगाडि बढेको छ । मन्त्रालय र त्यस मातहतका निकायहरु अझै पनि सबैपक्षको सहयोगबाट मात्र शिक्षामा सुधार आउँछ भन्ने स्वीकार्न तयार भएका छैनन । उनीहरुको एकांकी चिन्तनकै उपज हो, वर्तमान शैक्षिक विकृति ।

उदार नीति र उत्तरदायित्वबोध अहिलेको आवश्यकता हो । सबैपक्षको सामूहिक प्रयासबाट शिक्षामा सुधार आउँछ । ऐन नियममा सुधार ल्याएर गुणस्तर र पहुँच बढाउने सोचाईसंगै उत्तरदायित्वविहीन र भ्रष्ट शैक्षिक प्रशासनलाई समयानुकुल बनाउन पनि त्यतिकै ध्यान दिनु जरुरी छ ।

**शिक्षा पत्रकार समूह**

*****

# दलित शिक्षाको धमिलो तस्वीर

**रघुनाथ लामिछाने**

उदयपुरको लाफा गाविसमा एउटा विद्यालय छ  भालुवान प्राथमिक विद्यालय । सो विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर कार्कीले २७ जना दलितका लागि छात्रवृत्तिको माग गरेर सूची बनाए र छात्रवृत्ति रकम ल्याए । उनको विद्यालयमा सोह्रजना मात्र दलित विद्यार्थी थिए । दलितको नाममा आउने रकम हजम गर्न कार्कीको जुक्तिले काम गर्दा जमुना कार्कीको थर सार्की र दिलकुमारी राई दमाईंमा रुपान्तरण हुन्थे ।

अब जाउँ तथ्यांकतिर । नेपालको राष्ट्रिय साक्षरता प्रतिशत पुरुषको ५५ र महिलाको २५ रहेको छ । तर, दलितको साक्षरता प्रतिशत पछिल्लो तथ्यांकअनुसार पुरुषको १८ र महिलाको ७ उल्लेख भएको छ । यो तथ्यांकमा दमाई जातिको साक्षरता प्रतिशत २८.६ कामीको २६.७ र सार्कीको २५.१ रहेको भेटिन्छ । साह्रै दरिद्र अवस्थामा रहेका चमार जातिको साक्षरता प्रतिशत १०.८ मात्र छ र मुसहरहरु ४.५ प्रतिशतमा हिँड्दैछन् ।

यसरी नै पहाडी क्षेत्रमा प्राविमा भर्ना हुने २७ प्रतिशत दलित बालबालिका निमाविमा पुग्दा ८ प्रतिशत र मावि तहमा १ प्रतिशतमा ओर्लन्छ । तुलनात्मकरुपमा दलित जनसंख्या बढी भएको तराई क्षेत्रका विद्यालयमा प्राविमा भर्ना हुने १५.६ प्रतिशत दलित बालबालिका निमावि पुग्दासम्म १ प्रतिशतमा झरिसक्छन् र माविमा यो शून्य प्रतिशत हुन्छ ।

सेभ द चिल्ड्रेन युएसले ५ जिल्लामा गरेको अध्ययनअनुसार पनि ती ठाउँमा माध्यमिक स्तरमा ६.४ प्रतिशत केटा पुग्न सकेका छन् । यसरी पुग्ने केटीको प्रतिशत १.९ मात्र रहेको छ ।

ठूला जातिका मानिस' लाई ठाडो नजरले हेर्नसमेत नहुने र देउता' भएको बाटोबाट हिँड्नसमेत नहुने अवस्थाबाट उनीहरु अझै पनि प्रताडित छन् । शुद्रलाई ज्ञान बुद्धि दिनुहुँदैन, जो पुरुष शुद्रलाई ज्ञान र बुद्धि दिन्छ ऊ त्यही शुद्रसँग देशवृत नामक नर्कमा डुब्छ' जातभात र छुवाछुतलाई उच्च प्राथमिकता दिने मनुस्मृति नामक ग्रन्थले महत्वका साथ उल्लेख गरेको पंक्ति हो यो ।

हिन्दूधर्मको महत्वपूर्ण मानिने यही र यस्तै धार्मिक ग्रन्थको जगबाट निर्मित हाम्रो शिक्षा प्रणाली अहिले पनि धेरै हदसम्म यो मानसिकताबाट ग्रस्त देखिन्छ । यही कारण पनि दलितहरु शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुँदैरहेका छन् ।

शिक्षामा दलित वर्गको पहुँच र सक्रियता वृद्धि गर्ने उद्देश्यले सरकारी र गैरसरकारी स्तरबाट विभिन्न किसिमका छात्रवृत्ति प्रदान गरिएको पाइन्छ । देशको सबैभन्दा ठूलो शिक्षा निकाय शिक्षा मन्त्रालयले प्राथमिक स्तरमा पढ्ने दलित बालबालिकाका लागि छात्रवृत्तिका नाममा रकमको ठूलो थैली वितरण गर्दै आएको छ ।

मन्त्रालयले प्रतिविद्यार्थी प्रतिमहिना २५ रुपैयाँका दरले वार्षिक १० महिनाको हिसावमा २ सय ५० रुपैयाँ प्रदान गर्दछ । तर यो रकम माग गर्ने, वितरण गर्ने र अनुगमन गर्ने प्रक्रिया संस्थागत नभएकाले यसको प्रभाव लक्षित वर्गसम्म सकारात्मकरुपमा पुग्न सकेको देखिन्न । अभिलेखलाई नियमित गराइराख्नुपर्ने दायित्व भए पनि शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखालाई यसको शुरुवात् मितिसमेत थाहा छैन ।

मन्त्रालयकै परिपत्रअनुसार जिल्ला शिक्षा अधिकारीको अध्यक्षतामा दलित शिक्षक, दलित समाजसेवी, जिल्ला विकास समितिका प्रतिनिधि र जिल्ला शिक्षा कार्यालयका एक प्रतिनिधि सम्मिलित समितिले छात्रवृत्ति रकम वितरण गर्नुपर्ने व्यवस्था अनिवार्य छ । तर जिल्लाहरुले स्थानीय विद्यालयको विश्वास र चिनजानका शिक्षकको सिफारिशका भरमा यस्ता कोटा वितरण गरिरहेका पाइन्छ । यसले पनि दलितलाई वितरण गरिने छात्रवृत्ति कसरी र कसको भरोसामा चलिरहेको छ भन्ने पुष्टि हुन्छ ।

महालेखा परीक्षकको प्रतिवेदन अनुसार, शिक्षा मन्त्रालयले छात्रवृत्तिका लागि छुट्याइएको १३ लाख ३१ हजार रुपैयाँ फर्निचर, भत्ता, सेवा आदिमा खर्च गरेको छ । महालेखा परीक्षकले समेत नियमविपरीत ठानी आफ्नो प्रतिवेदनमा उल्लेख गरेको यो कार्यबाट छात्रवृत्तिको रकम कसरी खर्च गरिँदोरहेछ भन्ने स्पष्ट हुन्छ । दलित छात्रवृत्तिको यो रकम अन्य शीर्षकमा खर्च गर्न शिक्षा मन्त्रालयलाई अर्थ मन्त्रालयले सहमति प्रदान गर्नुले पनि यसतर्फ गम्भीरता नअपनाइएको भन्न सकिन्छ ।

कैलालीको थापापुर गाविसमा रहेको श्री राष्ट्रिय प्राविका प्रधानाध्यापक धर्मराज पुनलाई यस्तो छात्रवृत्ति सरकारले कहिले र कति दिन्छ भन्ने पनि थाहा नहुनुले मन्त्रालयदेखि स्थानीय विद्यालयसम्मको छात्रवृत्तिप्रतिको जागरुकता मापन गर्न सकिन्छ ।

शिक्षा मन्त्रालयको छात्रवृत्ति शाखाले दिएको जानकारीअनुसार उच्च शिक्षाको क्षेत्रमा सरकारद्वारा आरक्षित चार सिटमा पनि दलितबीच नै प्रतिस्पर्धा गराउँदा गत वर्ष २ जनामात्र सफल हुन सके । यस वर्ष पनि यो संख्या दुईबाट बढ्न सकेन । यो तीतो यथार्थले प्रावि स्तरमा छात्रवृत्ति दिने, बीचमा कुनै सुविधा नदिने र अन्तिममा एकै पटक यस्तो उच्च सिटका लागि आरक्षण दिने प्रक्रिया त्रुटिपूर्ण छ भन्ने वास्तविकता यसले उजागर गर्छ ।

मनुस्मृतिमा दलित विरुद्ध उल्लेख भएका पंक्तिलाई आफ्ना आदर्श मान्दै आएको हाम्रो गैरदलित समाजले उनीहरुलाई शिक्षित गराउने सवालमा पूर्वाग्रही बन्दै आएको छ । दलित शिक्षामा विद्यावारिधि गर्ने डा. विद्यानाथ कोइरालाको विचारमा दलित शिक्षाका लागि सबैभन्दा पहिले उसका अभिभावक आर्थिकरुपले तयार हुनुपर्छ, जसका लागि फुड फर वर्क' कार्यक्रम संचालन गरिनुपर्छ । यो कार्यक्रमको सुविधा लिएवापत आफ्ना बालबच्चालाई स्कूल पठाउनैपर्ने नियम राखे विद्यालय पुग्न नसकेका धेरै दलित बालबालिकाको समस्या समाधान हुनसक्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, उपधारा ३ मा आर्थिक, शैक्षिक, समाजिकरुपले पिछडिएका जात, जाति, वर्ग वा समुदायका लागि विशेष व्यवस्था गरिने उल्लेख भए पनि दलितको शिक्षामा पहुँच र सहभागिता बढाउन सरकारले सामान्य र सीमित छात्रवृत्तिबाहेक विशेष कार्यक्रम अघि सारेको छैन । नयाँ संविधान निर्माण भएको ११ वर्ष व्यतीत भइसक्दा संविधानले निर्दिष्ट गरेका कुराहरु लागू नहुनुले पनि नेपालका दलितको शैक्षिक अवस्थामा सुधारका लागि सम्बन्धित पक्षले चासो नराखेको स्पष्ट हुन्छ ।

**शिक्षा पत्रकार समूह**

*****

# नक्कली प्रमाणपत्र छानविनको चुनौति

**भूपराज खड्का**

अधिराज्यभरका विद्यालयमा कार्यरत शिक्षकहरूको प्रमाणपत्र छानविन प्रक्रियाले तीव्रता पाएपछि शैक्षिक क्षेत्रमा हलचल मच्चिएको छ। शिक्षा नियमावलीमा व्यवस्था भएको प्रावधानलाई नै प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउदा यो हलचाल आएको हो । प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सरकारी वकील सदस्य रहेको छानविन समिति बनाउने व्यवस्था शिक्षा नियमावलीमा छ ।

यसअघि मन्त्रालयले विभागलाई, विभागले प्रजिअ, जिशिअ र क्षेशिनी समक्ष वारम्वार परिपत्र गर्दा पनि छानविन प्रक्रियामा अगाडि बढ्न सकेको थिएन। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत कार्तिक १५ गते शिक्षा मन्त्रालयलाई एक पत्र लेखी शिक्षा नियमावली अनुसार गठित छानविन टोलीको प्रतिवेदनका आधारमा भ्रष्टाचार निवारण ऐन अनुसार, नक्कली प्रमाणपत्रधारीलाई कार्यवाही गर्ने अधिकार दिएको हो ।

अख्तियारले मन्त्रालयलाई परिपत्र पठाउनु अघि २०५६ फागुन २० र चैत २३ गते पहिलो र दोस्रो निर्देशन दिएको थियो । २०५७ पुस १ गतेको तेस्रो निर्देशन सहितको परिपत्र पनि कार्यान्वयन हुन सकिरहेको थिएन । अख्तियारले प्रजिअलाई अधिकार प्रत्यायोजित गरेपछि यो अभियानमा तिब्रता आएको हो ।

जिल्लाका सबै शिक्षकहरूको प्रमाणपत्र लिई परीक्षण गर्दा एकहजारभन्दा बढी प्रमाणपत्र नक्कली भएको आशंका रुपन्देही जिल्ला शिक्षा कार्यालयले गरेको छ ।

प्रमाणपत्रहरूको छानविनसँगसँगै नक्कली प्रमाणपत्रधारी शिक्षकहरूले राजिनामा दिने लहर नै चलेको छ। अहिले धेरै शिक्षकहरू विभिन्न शक्ति केन्द्रहरूको आडमा अध्ययन र बेतलवी विदामा बस्ने गर्न थालेका छन्। त्यसै गरी शिक्षकहरूलाई सक्कली प्रमाणपत्र बुझाउन विद्यालय बन्द गरेर परीक्षा नियन्त्रण कार्यालय धाउनुपर्ने वाध्यता पनि सृजना भएको छ ।

छानविन समितिको सक्रियतापछि दैनिक १ हजार भन्दा बढी शिक्षकहरुले सक्कल प्रतिलिपीका लागि परीक्षा नियन्त्रण कार्यालयमा आवेदन दिन थालेका छन् । त्यस कार्यालयमा करीव १३ लाख व्यक्तिले सक्कली प्रमाणपत्र लिन बाँकी छ । अहिले परीक्षा नियन्त्रण कार्यालयले दैनिक २ सयसम्म मात्र प्रमाणपत्रको काम गर्न सक्ने भएकाले पनि छानविन प्रक्रिया लम्बने निश्चित छ । परीक्षा नियन्त्रण कार्यालयले शिक्षा मन्त्रालयलाई पत्र लेखेर पुस मसान्तसम्म कडाई नगर्न अनुरोध गरेको पनि बुझिएको छ ।

शिक्षा मन्त्रालय छानविनको कुरा प्रचार गरेपछि नक्कली शिक्षकहरुले राजीनामा दिन्छन् भन्ने विश्वासमा रहेको बुझिन्छ । अहिले यस समस्याले चर्को रुप लिन थालेपछि नक्कली प्रमाणपत्र हो भनी प्रमाणित भएको खण्डमा त्यस्ता शिक्षक र तिनलाई नियुक्ति दिने निकायका व्यक्तिलाई के कार्यवाही गरिने हो मन्त्रालयले स्पष्ट गरेको छैन ।

भारतका विभिन्न प्रान्तबाट नक्कली प्रमाणपत्र ल्याएर विद्यालय शिक्षकको जागिर खानेहरूको संख्या ठूलो रहेको कुरा नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल शिक्षक संघले यस अघि बताउँदै आएका हुन् ।

नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष माधव अधिकारी भन्नुहुन्छ "शिक्षकहरूको प्रमाणपत्र नक्कली वा सक्कली के हो, त्यसको छानविन निष्पक्ष र पारदर्शी रुपमा गरिनुपर्छ। यो राजनीतिक आस्था र कसैका लागि पैसा कमाउने माध्यम बन्नु हुँदैन।"

नेपाल शिक्षक संघका महासचिव मोहन ज्ञवाली, नक्कली प्रमाणपत्रधारी शिक्षकलाई नियुक्ति गर्दा मन्त्रालयका अधिकारीले ठूलो धनराशी लिएर खल्ती भरेकाले छानविन र कार्यवाही प्रचारमा मात्र सीमित हुने तर्क गर्नुहुन्छ।

संकटकाल लागू नभएको भए नेपाल सदभावना पार्टीले उग्र आन्दोलन छेडिसकेको हुने थियो। उसले छानविन प्रक्रियालाई तराई मूलका शिक्षकको सफाया ठहर गरेको छ। उसको देखासिकी गर्दै संघ र संगठनले पनि आन्दोलन अगाडि बढाइसकेका हुन्थे।

छानविनको लागि प्रमाणपत्र बुझाउन भन्दा, पहिला राजिनामा गरेर स्वीकृत राजिनामाका आधारमा विद्यालय शिक्षक किताव खातामा निवृत्तिभरण र उपदानको लागि घुइचो लाग्ने गरेको छ। हालै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी निकायबाट शंकास्पद तवरमा राजिनामा स्वीकृत नगर्न सम्बन्धित अधिकारीलाई परिपत्र जारी गरेको आधिकारिक जानकारी पाइएको छ।

विभिन्न देशमा अध्ययन गरेर आउने विद्यार्थीहरूको प्रमाणपत्रहरूको समकक्षता निर्धारण गर्ने कुरालाई राजनीतिक तहको दवाव र नक्कली प्रमाणपत्रको धन्दावाल गिरोहको सक्रियतामा फितलो र निश्क्रिय बनाइएका कारण यो समस्या जल्दोबल्दो रुपमा उठेको हो। त्रिवि पाठ्यक्रम विकास केन्द्र अन्तर्गत रहेको समकक्षता निर्धारण समिति नाम मात्रको छ।

त्रिविको समकक्षता निर्धारण समितिले मान्यता प्राप्त विश्वविद्यालयको सूची प्रकाशित गरी ती सूचीमा परेकोलाई समकक्षता निर्धारण गर्ने गरेको छ। यस अघि पाठ्यक्रम विकास केन्द्र सानोठिमीमा रहेको समकक्षता निर्धारण समितिलाई सांसदहरूको दवावमा तीन वर्ष पहिले नै तत्कालीन शिक्षा मन्त्री योगप्रसाद उपाध्यायको पालामा खारेज गरियो।

तत्कालीन समकक्षता निर्धारण समितिका संयोजक तथा सहसचिव चन्द्रबहादुर खड्काले सुनाउनु भयो "त्यसबेला कडा अन्तर्वार्ता लिएर समकक्षता निर्धारण गर्दा एक किसिमले तहल्का र होहल्ला नै मच्चियो। त्यसरी कडाई गर्दा टेलिफोनबाट ज्यान लिने धम्की आयो, परीक्षा लिँदा प्रहरी ल्याउनुपर्ने, मन्त्रीहरूले फोन गर्ने र संसदमा समेत यही कुरा उठाउने काम गरेपछि समिति खारेज गरिएको हो।" उहाँका अनुसार समितिले परीक्षण गर्दा २५ प्रतिशत मात्र निर्धारित मापदण्डभित्र परेका थिए।

अहिले आएर मन्त्रालय पनि यस विषयलाई गम्भीरतापूर्वक किनारा लगाउने तयारीमा रहेको बुझिन्छ। विद्यालय प्रशासन शाखाका उपसचिव रामप्रसाद वस्याल भन्नुहुन्छ "नक्कली प्रमाणपत्र हो भनी शंका भएमा जिल्लाबाट त्यस्ता प्रमाणपत्र मन्त्रालयमा आउँछन्। मन्त्रालयमा आएकै आधारमा मात्र नक्कली भन्न मिल्दैन। सबै निकायबाट यसको पुष्टि भएपछि मात्र निर्णय सार्वजनिक गरिनेछ।"

शिक्षा मन्त्रालयले अझै पनि सबै बालबालिकाका लागि शिक्षा र गुणस्तरीय शिक्षाको ग्यारेण्टी गर्न नसकेर आलोचित छ। अहिलेको छानविन प्रक्रिया पनि नक्कली प्रमाणपत्र बेच्ने र संरक्षण गर्ने गिरोहको दवावमा पर्नसक्ने उत्तिकै सम्भावना रहेकाले यसो भयो भने मन्त्रालयले थप अलोकप्रियता कमाउनेछ।

**शिक्षा पत्रकार समूह**

*****

# सेवक सदाहरुको दुर्भाग्य

**भुवन के.सी.**

धनुषा जिल्लाको अमरखानाका सेवक सदा आफनो छोरालाई नजिकको विद्यालयमा भर्ना गर्न गए । विद्यालयले छोराको जन्मदर्ता प्रमाणपत्र खोज्यो । जन्मदर्ता प्रमाणपत्र बनाउन बाबुको नागरिकता चाहिने नियम छ । सेवकले नागरिकता लिएका थिएनन ।

आफूसंग नागरिकता नभए पनि छोरालाई पढाउने उनको चाहना मरेन । त्यसैले तीन धुरी घडेरी दिने शर्तमा आफनो छिमेकी पुरन सदाको नागरिकताबाट छोराको जन्मदर्ता प्रमाणपत्र लिए र उनले छोरालाई विद्यालयमा भर्ना गरे ।

पछि उनले शर्त अनुसार छिमेकीलाई घडेरी दिन भने मानेनन । त्यही विषयलाई लिएर  सेवक र पुरन बीच विवाद भयो । त्यो विवाद दुईजना बीचमात्र सीमित नभई गाँउ समाजसामु पुग्यो । छोरालाई विद्यालय भर्ना गर्नका लागि अर्काको नागरिकता प्रयोग गर्ने सेवकलाई गाउलेले  घडेरीको सट्टा एक मन धान तिर्न लगाए । यो वास्तविक घटना गैर सरकारी संस्था आसमानको आन्तरिक प्रकाशनमा छापिएको हो ।

जन्मदर्ता समस्याका कारण नेपालको तराईका  हजारौ  बालबालिकाले शिक्षा अधिकारमा झमेला ब्यहोर्नु परेको छ । आफ्नो बच्चालाई पढाउन सेवक सदाले जस्तो जोखिम मोल्न नचाहने हजारौ अभिभावकले आफ्ना बालबालिकालाई भर्ना गर्न सकेका छैनन ।

तराईमा नागरिकताको समस्या विद्यमान छ । नेपाली भएर पनि कयौ व्यक्तिले नागरिकता  पाउन सकेका छैनन । नागरिकता विना उनीहरुको बच्चाको जन्म दर्ता हुदैन । विद्यालयले बालबालिकालाई भर्ना गर्दा जन्मदर्ता प्रमाणपत्र खोज्ने भएकाले कयौ अभिभावकहरुले जन्मदर्ता र नागरिकताको झन्झटमा पर्न नचाहेको पाईन्छ । पञ्जीकरणशाखाका शाखा अधिकृत शेर बहादुर ढुगांना स्वीकार्नु हुन्छ, जन्म दर्ताको अभावमा तराईका केही बच्चाहरुलाई विद्यालय जान अप्ठ्यारो परेको छ ।

सरकारले ०३४ सालदेखि झापा, रौतहट, मोरङ, काठमडौं, सप्तरी, कपिलवस्तु, महोतरी, बाँके, सर्लाही र कञ्चनपुरमा जन्मदर्ताको काम प्रारम्भ गऱ्यो । काम प्राभ्भ भएको दुईदशक सम्म करिब पचास प्रतिशत मात्र काम सम्पन्न भयो ।

लामो समयसम्म अपेक्षित काम हुन नसकेपछि जन्मदर्ताको कामलाई अझ बढी प्रभावकारी बनाउन बालबालिकालाई विद्यालय भर्ना गर्दा जन्मदर्ता प्रमाणपत्र खोज्न थालियो ।

स्थानीय विकास मन्त्रालयको पञ्जीकरण शाखाका रजिस्टार बद्री प्रसाद पराजुलीका अनुसार बालबालिकालाई विद्यालय भर्ना गर्दा जन्मदर्ता प्रमाणपत्र अनिवार्य गरेपछि जन्मदर्ता कार्यक्रम प्रभावकारी बनेको छ । हालसम्म जन्मदर्ता प्रमाणपत्रको ६५ प्रतिशत काम सम्पन्न भएको छ ।

विद्यालय भर्ना गर्दा जन्मदर्ताको प्रमाणपत्र खोज्न लागेपछि तराईका धनुषा, महोतरी, सप्तरी, सिरहा, सर्लाही  जिल्लामा समस्या उत्पन्न भएको छ ।

सेभ द चिल्ड्रेन जापानका अनुसार धनुषा जिल्लाका विसरभोरा, सिंग्याहीमडान र लक्करका ६४ प्रतिशत बालबालिकाहरु  विद्यालय जान पाएका छैनन । विद्यालय भर्ना हुदा जन्मदर्ता प्रमाणपत्र चाहिनु त्यसको मुख्यकारण रहेको  छ ।

जन्म, मृत्यु तथा अन्य व्यत्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ का अनुसार बच्चा जन्मीएको ३५ दिन भित्रमा जन्मदर्ता प्रमाण पत्र लिनु पर्छ । सो अवधीमा नलिए आर्को ३५ दिनभित्र प्रमाणपत्र लिंदा आठ रुपैया लाग्छ । त्यस भन्दा पछि बढीमा पचास रुपैयाँ सम्म जरिवाना स्थानीय पञ्जिकाधिकारीले गर्न सक्छ ।

अहिलेको कानूनी व्यवस्था अनुसार परिवारको मुख्य व्यक्ति तथा उसको अनुपस्थितिमा परिवारको उमेर पुगेको जेठो व्यक्तिले दर्ता गराउनु पर्छ । तर पुरुष घरमा नहुनेले जन्मदर्ता प्रमाणपत्र लिन नसक्नाले पनि थप समस्या सिर्जना गरेको छ ।  केही जिल्लाका व्यक्तिहरु यस प्रति सचेत भएपनि अधिकांश छैनन । पुरुष घरमा नभएको वेला समस्या नपरोस भनेर धनुषाको सबेला गाविसले महिलाहरुको नामबाट पनि जन्मदर्ता गर्ने व्यवस्था मिलाएको छ ।

जन्म दर्ता बालबालिकाको पहिलो अधिकार हो भन्ने विश्व व्यापी मान्यतालाई नेपालले पनि अंगालेको छ । तर व्यहारमा पूर्ण रुपमा लागू गर्न सकेको छैन । जन्मदर्ता प्रमाणपत्र लिनैपर्छ भन्ने बाध्यकारी व्यवस्था नभएकाले पनि जन्मदर्ताको काम पूर्ण रुपमा हुन नसकेको हो ।

सरकारले अभियानको रुपमा नलिएकाले विभिन्न जिल्लामा जन्मदर्ता गर्ने काम प्रभावकारी हुन सकेको छैन । प्लान ईन्टरनेशनलले गरेको अध्यान अनुसार मकवानपुर जिल्लामा ६० प्रतिशत बालबालिकाको जन्म दर्ता भएको छ भने बजाङ जिल्लामा १ प्रतिशत भन्दा कम ।

जन्म दर्ता पछि बालबालिकाको कानूनी परिचय बन्छ । राज्यले प्रदान गर्ने सुविधा लिन यो प्रमाणपत्र सहयोगी हुन्छ । तर जन्मदर्ता प्रमाणपत्र लिएपछिका फाईदाका बारेमा जनमानसले बुझेको छैन । आबश्यकता पर्दामात्र लिने हुदा बढीमात्रामा जरिवाना तिरेर जन्मदर्ता प्रमाणपत्र लिएको पाईएको छ । गतसाल धनुषा जिल्लामा जन्मदर्ता जरिवानाबाट ७४ हजार ५ सय ४९ हजार रुपैया संकलन भएको थियो ।

जन्मदर्तालाई तराईमा अनिवार्य जस्तै गरिएकाले विद्यालयमा भर्ना हुन प्रमाणपत्र ल्याउन लगाएपनि पहाडी तथा सहरका सरकारी तथा निजी विद्यालयले प्रमाणपत्र ल्याए सोही अनुसार भर्ना गर्ने र नभए पनि विद्यालयमा भर्ना गर्ने गर्छन । पदमोदय माध्यमिक विद्यालयका प्रधानाध्यपक रमेश प्रसाद गौतमले पनि आफुले जन्मदर्ता प्रमाण पत्र ल्याए सोही अनुसार र नभएपनि बालबालिकालाई भर्ना लिने गरेको बताउनु भयो ।

जन्मदर्ता प्रमाणपत्रमा राज्यले तराई र पहाडका नागरिकहरुलाई समान रुपमा नहेरेको कुरा यसमा देखिएको छ । गैर सरकारी संस्था आसमान नेपालले धनुषा र महोत्तरीमा जन्मदर्तालाई अभियानका रुपमा अगाडि बढाउन अभिभावक, विद्यालय र गाविसलाई उत्प्रेरित गर्दै आएको छ । त्यस संस्थाका राधा कोइराला भन्नु हुन्छ बालबालिकालाई पढाउनु पर्छ भन्ने चेतना सबैतिर बढिरहेको वेला जन्मदर्ता प्रमाणपत्र बाधक बन्नु हुर्दैन ।

**शिक्षा पत्रकार समूह**

*****

# अनौपचारिक शिक्षा : पानीमाथि लेख्ने प्रयास

**अर्जुन खड्का**

सर्लाहीको लक्ष्मीपुरका राजेन्द्र महतोले चार बर्षअघि ६ महिनासम्म प्रौढ कक्षामा नाम लेखाए । उनले ६ महिनासम्म नेपाली भाषाको बाह्रखरी सिके । घरायसी कामकाजमा आवश्यक न्युनतम शिक्षा हासिल गरे । तर, अहिले उनी आफ्नो नाम लेख्न पनि जान्दैनन् ।

त्यस गाविसमा अनौपचारिक शिक्षाको पाइलट प्रोग्राम' संचालन भएपछि महतोले आफ्ना साथीहरुसँगै अनौपचारिक शिक्षाको कक्षा लिएका थिए । उनीसँगै हजारौंको संख्यामा स्थानीय बालबालिका, युवा तथा प्रौढहरु अनौपचारिक शिक्षामा सहभागी बने ।

तर, अहिले अधिकांशको स्थिति महतोको भन्दा भिन्न छैन । उनी भन्छन् मसँगै पढेका साथीभाईहरु धरैले पढ्नलेख्न विर्सीसके ।

तीनवटा प्रौढकक्षामा पढाएका दासनारायण ठाकुर, अनौपचारिक शिक्षा प्रभावकारी बन्न नसकेको बताउँछन् । पढाएको केही बर्ष भित्रै समाप्त हुने शिक्षालाई के भन्ने ?' उनले प्रश्न गरे । आफूले दिएको शिक्षा समाजसुधार र घरायसी कामकाजमा प्रयोग हुननसकेको देख्दा ठाकुर चिन्तित छन् । ठाकुर भन्छन् वास्तवमा अनौपचारिक शिक्षा पढाउन्जेलका लागि मात्र रहेछ ।

लक्ष्मीपुर गाविस अध्यक्ष प्रेम श्रेष्ठ, अनौपचारिक शिक्षाको प्रभाव समाप्त भएको र सामाजिक चेतनाको हिसावले पनि यसले गाविसमा परिवर्तनकारी भूमिका निर्वाह गर्न नसकेको बताउँछन् ।

२००७ सालमा दुईप्रतिशत साक्षर हुंदा निरक्षरको संख्या ५८ लाख थियो । ५७.६ प्रतिशत साक्षर भएको सरकारी दावीलाई मान्दा निरक्षरको संख्या अहिले एक करोडभन्दा बढी छ । अनौपचारिक शिक्षाको नाममा सरकारी तथा गैरसरकारी क्षेत्रबाट बर्षेनी करोडौं रुपैया खर्च भइरहेको छ । तर सरकारी तथा गैरसरकारी क्षेत्रको प्रयास प्रभावकारी बन्न सकेन ।

चालु आर्थिक बर्षमा अनौपचारिक शिक्षामा १२ करोड रुपैया विनियोजन गरिएको छ । समाजकल्याण परिषद्बाट बर्षेनी दुई अर्वको हाराहारीमा गैरसरकारी संस्थामार्फत खर्च गरिदै आएकोमा यसमध्येको ठूलो हिस्सा अनौपचारिक शिक्षामा जाने गरेको पाइन्छ । हाल परिषद्मा १२ हजार ५ सय ८६ वटा राष्ट्रिय गैरसरकारी संस्था र १ सय ३ वटा अन्तर्राष्ट्रिय गैरसरकारी दर्ता भएका छन् ।

शिक्षाविद् डा.विद्यानाथ कोइराला, सरकारी प्रयासलाई पानीमा लेख लेखे झैं' भएको ठान्नुहुन्छ । लेख्नेले लेखिरहेको छ । कागज र मसी सकिएकै छ, प्रयास भएकै छ । उपलब्धी प्रतिशत बढेकै छ । तर व्यर्थ प्रयास हुन गएको छ' उहाँले बताउनुभयो ।

नेपालमा अनौपचारिक शिक्षाको औपचारिक सुरुवात भएको ४४ बर्ष पुरा भएको छ । साढे चारदशकको प्रयासमा पनि एक करोड भन्दाबढी नेपाली निरक्षर हुनुले अनौपचारिक शिक्षाबाट प्राप्त प्रतिफल सबैका सामु प्रक्ष्ट छ ।

अनौपचारिक शिक्षा एकपटक ६ महिना कक्षामा राखेर पुरा गरिन्छ । यसपछि कुनै फ्लो अप' कार्यक्रम दिइदैन । ६ महिने कार्यक्रमपछि थपिने कार्यक्रममा ती नै सहयोगी भेट्न मुस्किल पर्छ । यसबाट पनि अनौपचारिक शिक्षा प्रभावकारी बन्न सकेको देखिदैन ।

अनौपचारिक शिक्षा केन्द्रले साक्षरोत्तर र आयआर्जनलाई फ्लो अप' कार्यक्रमको रुपमा विकास गरेको भएपनि यस्ता कार्यक्रमको कार्यान्वयन एक दुई प्रतिशतको हाराहारीमा भएको छ । अनौपचारिक शिक्षा केन्द्रका कार्यकारी निर्देशक सत्यबहादुर श्रेष्ठले फ्लो अप' कार्यक्रम दिन नसकेको स्वीकार्नुभयो । उहाँले भन्नुभयो अब साक्षरतापछिका कार्यक्रमहरु तय गरी सशक्त कार्यान्वयन गर्नुपर्छ ।

अनौपचारिक शिक्षामा काम गर्ने गैरसरकारी संस्थाहरुबीच समन्वयको अभाव छ । सरकारी निकायले पनि एउटा गैरसरकारी संस्थाको भन्दा फरक प्रस्तुति देखाउन सकेको छैन । अनौपचारिक शिक्षामा समन्वय र तालमेलको खाँचो छ' गैरसरकारी संस्थामार्फत दुइ दशकदेखि यसै क्षेत्रमा काम गर्दै आउनु भएका प्रकाशसिंह अधिकारीले बताउनुभयो ।

अर्बौ लगानी भएर पनि निर्धारित लक्ष्य हासिल गर्न असफल भएपछि अहिले प्रश्न उठ्न थालेको छ हामीले भन्दै आएको अनौपचारिक शिक्षा कति अनौपचारिक छ ?

अनौपचारिक शिक्षा संचालनको संयोजन गर्ने सबैभन्दा ठूलो निकाय समाज कल्याण परिषद्का सदस्यसचिव डा.टीका पोखरेल अनौपचारिक शिक्षा अनौपचारिक' नभएको बताउनुहुन्छ । उहाँको विचारमा अनौपचारिक शिक्षा खेतवारी, पाटीपौवा, मेलापात, चरनमा नै दिनुपर्छ । किताव कपी च्यापेर, औपचारिक स्थानमा र निश्चित समयमा पढाउने कामलाई अनौपचारिक भन्न मिल्दैन ।

केही वर्षदेखि अनौपचारिक शिक्षालाई अरु विषयसंग एकीकृत गर्दै लैजान थालिएको चर्चा चल्ने गरेको छ । प्रकाशसिंह अधिकारी पनि यसलाई अनौपचारिक साक्षरतामा मात्र सीमित नगरी जीवनोपयोगी भएको तर्क गर्नुहुन्छ । तर, यसको प्रभावकारिता सबैले महसुस नगरेसम्म पानीमा लेख लेख्ने अभ्यासको निरन्तरता बन्द भयो भन्न सकिंदैन ।

**शिक्षा पत्रकार समूह**

*****